नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

# नेपाल इन्जिनियरिङ परिषद् (तेस्रो संशोधन) नियमावली, २०८०

नेपाल इन्जिनियरिङ परिषद् नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा ३७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल इन्जिनियरिङ परिषद्ले नेपाल सरकारको स्वीकृति लिई देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरूको नाम "नेपाल इन्जिनियरिङ परिषद् (तेस्रो संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली नेपाल सरकारले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **नेपाल इन्जिनियरिङ परिषद् नियमावली, २०५७ को नियम २ मा संशोधन:** नेपाल इन्जिनियरिङ परिषद् नियमावली, २०५७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) "परीक्षा" भन्नाले ऐनको दफा १४ बमोजिम समितिले सञ्चालन गर्ने ईन्जिनियरिङ व्यवसायी दर्ता परीक्षा सम्झनु पर्छ।"

३. **मूल नियमावलीमा नियम ३क. थप:** मूल नियमावलीको नियम ३ पछि देहायको नियम ३क. थपिएको छः-

"३क. **परीक्षा सञ्चालन:** (१) इन्जिनियरिङ व्यवसायीको रुपमा परिषद्मा नाम दर्ता गर्ने प्रयोजनको लागि परिषद्ले देहायको परीक्षा लिनेछः-

(क) साधारण दर्तावाला इन्जिनियरको लागि लिखित परीक्षा,

(ख) व्यावसायिक इन्जिनियरको लागि लिखित परीक्षा, दक्षता मूल्याङ्कन परीक्षा र अन्तर्वार्ता।

(२) ऐनको अनुसूची बमोजिमको कुनै विषयमा स्नातक उपाधि हासिल गरेको व्यक्ति साधारण दर्तावाला इन्जिनियरको लागि र त्यस्तो कुनै विषयमा स्नातकोत्तर उपाधि हासिल गरी साधारण दर्तावाला इन्जिनियरको रुपमा कम्तीमा सात वर्षको कार्यानुभव भएको व्यक्ति व्यावसायिक इन्जिनियरको लागि लिईने परीक्षामा सहभागी हुन सक्नेछ ।

(३) परिषद्ले परीक्षा सञ्चालनको वार्षिक कार्यतालिका तयार गरी सार्वजनिक गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको कार्यतालिका बमोजिम समितिले परीक्षा सञ्चालन गर्नको लागि कम्तीमा एक्काइस दिनको अवधि दिई सार्वजनिक सूचना मार्फत दरखास्त आह्वान गर्नेछ।

(५) उपनियम (४) बमोजिमको सूचनामा उल्लिखित अवधिभित्र उपनियम (२) बमोजिमको योग्यता पुगेका व्यक्तिले देहायका कागजात तथा परिषद्ले निर्धारण गरे बमोजिमको परीक्षा दस्तुर संलग्न गरी साधारण दर्तावाला इन्जिनियरको लागि अनुसूची-२ बमोजिमको ढाँचामा र व्यावसायिक इन्जिनियरको लागि अनुसूची-२क. बमोजिमको ढाँचामा परिषद्मा दरखास्त दिनु पर्नेछः-

(क) शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको प्रमाणित प्रतिलिपि,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) समकक्षता आवश्यक पर्नेमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) कार्यानुभव आवश्यक पर्नेमा कार्यानुभव खुल्ने कागजात।

(६) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दरखास्त दिने म्याद समाप्त भएको मितिले सात दिनभित्र परीक्षा दस्तुरको दोब्बर दस्तुर तिरी उपनियम (५) बमोजिमको दरखास्त दिन सकिनेछ।

(७) उपनियम (५) वा (६) बमोजिम पर्न आएका दरखास्त उपर रजिष्ट्रारले ऐनको दफा १३ बमोजिम आवश्यक छानबिन गरी उपनियम (२) बमोजिमको योग्यता पुगेको देखिएमा त्यस्तो दरखास्त स्वीकृत गरी पन्ध्र दिनभित्र समिति समक्ष पेश गर्नु पर्नेछ।

(८) उपनियम (७) बमोजिम छानबिन गर्दा दरखास्तवालाले उपनियम (२) बमोजिमको योग्यता पूरा गरेको नदेखिएमा रजिष्ट्रारले सात दिनभित्र त्यस्तो दरखास्त अस्वीकृत गर्ने निर्णय गरी सोको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनु पर्नेछ।"

४. <u>मूल नियमावलीको नियम ४ मा संशोधनः</u> मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः-

"४. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मर्यादित र निष्पक्ष रुपमा परीक्षा सञ्चालन गर्नको लागि मापदण्ड, आचारसंहिता, परीक्षाको पाठ्यक्रम, प्रश्नपत्र निर्माण, भण्डारण र छपाईको मापदण्ड तथा उत्तरपुस्तिका परीक्षण र मूल्याङ्कन सम्बन्धी मापदण्ड तयार गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(ख) परिषद्बाट स्वीकृत मापदण्डको आधारमा परीक्षा सञ्चालन गर्ने,

(ग) परीक्षामा सहभागी हुने उम्मेदवारहरुको सङ्ख्याको आधारमा लिखित परीक्षा सञ्चालन गर्नको लागि प्रचलित कानून बमोजिम स्थापित शिक्षण संस्थासँग समन्वय गर्ने,

(घ) परीक्षा उत्तीर्ण हुने दरखास्तवालाको नाम दर्ताको लागि परिषद्मा सिफारिस गरी सोको सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ङ) परीक्षा प्रणालीलाई वैज्ञानिक र वस्तुनिष्ठ बनाउन अन्य आवश्यक कार्य गर्ने।"

५. <u>मूल नियमावलीको नियम ५ मा संशोधनः</u> मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छः-

"५. <u>समितिको बैठकः</u> (१) समितिको संयोजकको निर्देशन बमोजिम समितिको सदस्य-सचिवले समितिको बैठक बोलाउनेछ।

(२) समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिको निर्णय समितिको संयोजक र सदस्य-सचिवले प्रमाणित गर्नेछन्।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।"

६. **मूल नियमावलीको नियम ८ मा संशोधन:** मूल नियमावलीको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छ:-

"८. **साधारण दर्तावाला इन्जिनियरको नाम दर्ता:** (१) परिषद्ले साधारण दर्तावाला इन्जिनियरको लागि लिईएको परीक्षा उत्तीर्ण गरी समितिले सिफारिस गरेका व्यक्तिको नाम साधारण दर्तावाला इन्जिनियरको रुपमा दर्ता किताबमा दर्ता गर्नेछ।

(२) उपनियम (१) बमोजिमको दर्ता किताबमा दर्ता गर्न पाँच हजार रुपैयाँ दस्तुर लाग्नेछ।"

७. **मूल नियमावलीको नियम ९ मा संशोधन:** मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छ:-

"९. **व्यावसायिक इन्जिनियरको नाम दर्ता:** (१) परिषद्ले व्यावसायिक इन्जिनियरको लागि लिईएको परीक्षा उत्तीर्ण गरी समितिले सिफारिस गरेको व्यक्तिको नाम व्यावसायिक इन्जिनियरको रुपमा दर्ता किताबमा दर्ता गर्नेछ।

(२) उपनियम (१) बमोजिमको दर्ता किताबमा दर्ता गर्न बीस हजार रुपैयाँ दस्तुर लाग्नेछ।"

८. **मूल नियमावलीको नियम १० मा संशोधन:** मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छ:-

"१०. **गैर नेपाली इन्जिनियरको नाम दर्ता:** (१) नेपालको कुनै संस्थामा काम गर्न चाहने गैर नेपाली इन्जिनियरले गैर नेपाली दर्तावाला इन्जिनियरको रुपमा दर्ता किताबमा आफ्नो नाम दर्ता गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम नाम दर्ता गराउनको लागि देहायको कागजात तथा एक हजार पाँच सय रुपैयाँ दरखास्त दस्तुर संलग्न गरी परिषद् समक्ष अनुसुची-५क. बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ:-

(क) गैर नेपाली दर्तावाला इन्जिनियरको रुपमा काम गर्न चाहेको संस्थाको नाम र ठेगाना,

(ख) दरखास्तवालाले नेपालस्थित संस्थामा काम गर्नु परेको कारण, कामको विवरण र काम गर्ने अवधि समेत खुलाई गैर नेपाली दर्तावाला इन्जिनियरको रुपमा नाम दर्ता गर्नको लागि त्यस्तो संस्थाको प्रमुखले गरिदिएको सिफारिस,

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) सम्बन्धित मुलुकको कानून बमोजिम इन्जिनियरिङ व्यवसाय गर्न अनुमति लिनु पर्ने भएकाको हकमा त्यस्तो अनुमतिको प्रतिलिपि,

(ङ) इन्जिनियरिङ क्षेत्रमा हासिल गरेको कम्तीमा दश वर्षको अनुभव खुल्ने कागजात,

(च) दरखास्तवालाको राहदानी र प्रवेशाज्ञाको प्रमाणित प्रतिलिपि।

तर राहदानी र प्रवेशाज्ञा आवश्यक नपर्ने मुलुकको गैर नेपाली इन्जिनियर भए सम्बन्धित मुलुकको सरकारी निकायबाट

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

जारी भएको निजको परिचय खुल्ने कागजातको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त दरखास्त उपर छानबिन गर्दा गैर नेपाली दर्तावाला इन्जिनियरको रुपमा नाम दर्ता गर्न उपनियम (२) बमोजिमको योग्यता र अनुभव पुगेको देखिएमा तीस हजार रुपैयाँ दस्तुर लिई निजको नाम परिषद्ले नियम ७ बमोजिमको गैर नेपाली दर्तावाला इन्जिनियरको दर्ता किताबमा दर्ता गर्नेछ।

(४) उपनियम (३) बमोजिम दरखास्त उपर छानबिन गर्दा गैर नेपाली दर्तावाला इन्जिनियरको रुपमा नाम दर्ता गर्न योग्यता र अनुभव पुगेको नदेखिएमा परिषद्ले त्यस्तो दरखास्त अस्वीकृत गरी सोको जानकारी दरखास्तवालालाई दरखास्त अस्वीकृत भएको मितिले सात दिनभित्र दिनु पर्नेछ।

(५) गैर नेपाली दर्तावाला इन्जिनियरको नाम दर्ता गर्दा पहिलोपटक दुई वर्षको लागि गरिनेछ र काम लगाउने संस्थाको प्रमुखको सिफारिसमा परिषद्ले उपयुक्त ठानेमा एक पटकमा एक वर्षको अवधिभन्दा बढी नहुने गरी जतिसुकै पटक पनि त्यस्तो दर्ता नवीकरण गरिदिन सक्नेछ।

(६) उपनियम (५) बमोजिम दर्ता नवीकरण गर्दा दर्ता दस्तुर सरह दस्तुर लाग्नेछ।

(७) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गैर नेपाली दर्तावाला इन्जिनियर कार्यरत संस्थामा त्यस्तो गैर नेपाली इन्जिनियरको सेवा अवधि समाप्त भएमा निजको दर्ता स्वतः समाप्त हुनेछ।"

९. **<u>मूल नियमावलीको नियम ११ मा संशोधनः</u>** मूल नियमावलीको नियम ११ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) नियम ८, ९ र १० बमोजिम दर्ता किताबमा नाम दर्ता भएको साधारण दर्तावाला इन्जिनियर, व्यावसायिक इन्जिनियर र गैर नेपाली दर्तावाला इन्जिनियरलाई रजिष्ट्रारले क्रमशः अनुसूची-७, ८ र ९ बमोजिमको ढाँचामा नाम दर्ता प्रमाणपत्र दिनु पर्नेछ।"

(२) उपनियम (२) झिकिएको छ।

१०. **<u>मूल नियमावलीको नियम १२ मा संशोधनः</u>** मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छः-

"१२. **<u>दर्ता सूची प्रकाशन गर्नेः</u>** परिषद्मा दर्ता भएका साधारण दर्तावाला इन्जिनियर, व्यावसायिक इन्जिनियर र गैर नेपाली दर्तावाला इन्जिनियरको छुट्टाछुट्टै नाम दर्ता सूची तयार गरी परिषद्ले प्रत्येक वर्ष प्रकाशन गर्नु पर्नेछ।"

११. **<u>मूल नियमावलीमा नियम १२क. थपः</u>** मूल नियमावलीको नियम १२ पछि देहायको नियम १२क. थपिएको छः-

"१२क. **<u>दर्ता सूची अद्यावधिक गर्नेः</u>** (१) नियम १२ बमोजिमको दर्ता सूचीमा उल्लिखित दर्तावाला इन्जिनियरको नाम देहायको अवस्थामा हटाई त्यस्तो दर्ता सूची अद्यावधिक गर्नु पर्नेछः-

(क) ऐनको दफा १८ बमोजिम दर्ता किताबबाट नाम हटाउने निर्णय भएमा,

(ख) दर्तावाला इन्जिनियरले दर्ता किताबबाट आफ्नो नाम हटाई पाऊँ भनी निवेदन दिएमा,

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ग) दर्तावाला इन्जिनियरको मृत्यु भएमा।

(२) कुनै दर्तावाला इन्जिनियरलाई ऐनको दफा ३० को उपदफा (४) को खण्ड (ख) वा (ग) बमोजिम सजाय भएमा सोही व्यहोरा जनाई परिषद्ले दर्ता किताब अद्यावधिक गर्नु पर्नेछ।"

१२. **मूल नियमावलीको नियम १४ मा संशोधन:** मूल नियमावलीको नियम १४ को सट्टा देहायको नियम १४ राखिएको छ:-

"१४. **पुन: नाम दर्ता गर्ने:** ऐनको दफा २० बमोजिम पुन: नाम दर्ता गर्ने प्रयोजनको लागि ऐनको दफा १२ बमोजिम दरखास्त प्राप्त भई परिषद्ले पुन: नाम दर्ता गर्ने निर्णय गरेमा रजिष्ट्रारले देहाय बमोजिमको दस्तुर लिई त्यस्तो दरखास्तवालाको नाम दर्ता किताबमा पुन: दर्ता गरी देहायको ढाँचामा पुन: नाम दर्ता भएको प्रमाणपत्र दिनु पर्नेछ:-

(क) साधारण दर्तावाला इन्जिनियरलाई नियम ८ बमोजिमको दस्तुर लिई अनुसूची-१० बमोजिमको ढाँचामा,

(ख) व्यावसायिक इन्जिनियरलाई नियम ९ बमोजिमको दस्तुर लिई अनुसूची-११ बमोजिमको ढाँचामा, र

(ग) गैर नेपाली दर्तावाला इन्जिनियरलाई नियम १० बमोजिमको दस्तुर लिई अनुसूची-१२ बमोजिमको ढाँचामा।"

१३. **मूल नियमावलीको नियम १५ मा संशोधन:** मूल नियमावलीको नियम १५ को सट्टा देहायको नियम १५ राखिएको छ:-

"१५. **शिक्षण संस्थालाई मान्यता प्रदान गर्ने:** (१) ऐनको दफा २१क. बमोजिम इन्जिनियरिङ विषयमा स्नातक, स्नातकोत्तर डिग्री, स्नातकोत्तर डिप्लोमा वा सो सरहका प्रमाणपत्र तथा उपाधिमा अध्ययन, अध्यापन गराउन चाहने शिक्षण संस्थाले त्यस्तो विषयको अध्ययन, अध्यापन गर्नु, गराउनु अघि देहाय बमोजिमको विवरण र परिषदले निर्धारण गरेको दस्तुर संलग्न गरी अनुसुची-१३ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिनु पर्नेछ:-

(क) इन्जिनियरिङ विषय अध्ययन, अध्यापनको लागि कुनै विश्वविद्यालयबाट लिएको सम्बन्धन सम्बन्धी कागज़ातको प्रमाणित प्रतिलिपि,

(ख) इन्जिनियरिङ विषय अध्ययन र अध्यापन सम्बन्धी आर्थिक र प्राविधिक प्रस्ताव,

(ग) अध्ययन, अध्यापन गर्न, गराउन प्रस्ताव गरेको इन्जिनियरिङ विषयको विधा, तह र विद्यार्थी सङ्ख्याको विवरण,

(घ) विद्यार्थी भर्नाका आधार तथा शर्त, शैक्षिक कर्यक्रमको पाठ्यक्रम, शैक्षिक मापदण्ड र परीक्षा प्रणालीको विवरण,

(ङ) शिक्षण संस्था सञ्चालनको लागि आवश्यक कानूनी, प्राज्ञिक र शैक्षिक पूर्वाधारको विवरण,

(च) प्रस्तावित इन्जिनियरिङ विषय अध्ययन, अध्यापनको लागि आवश्यक भौतिक स्रोत, साधन, जनशक्ति तथा पूर्वाधारको विवरण,

(छ) परिषद्ले निर्धारण गरेको अन्य विवरण।

(२) परिषद्ले उपनियम (१) बमोजिम प्राप्त निवेदन सहितको कागजात तथा विवरण जाँचबुझ गर्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा त्यस्तो शिक्षण संस्थाले परिषद्ले निर्धारण गरेको मापदण्ड पूरा गरे वा नगरेको सम्बन्धमा अध्ययन गर्न वा गराउन तथा आवश्यकता अनुसार स्थलगत निरीक्षण गर्न वा गराउन सक्नेछ।

(४) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा त्यस्तो शिक्षण संस्थाले शैक्षिक कार्यक्रम सञ्चालनको लागि परिषद्ले निर्धारण गरेको मापदण्ड र शर्त पूरा गरेको देखिएमा परिषद्ले त्यस्तो शिक्षण संस्थालाई अस्थायी मान्यता प्रदान गर्नेछ।

(५) उपनियम (४) बमोजिम अस्थायी मान्यता प्राप्त गरेको पाँच वर्षभित्र त्यस्तो शिक्षण संस्थाले परिषद्ले निर्धारण गरेको प्राज्ञिक र भौतिक पूर्वाधार तथा व्यवस्थापकीय क्षमता सम्बन्धी मापदण्ड पूरा गरी परिषद्बाट स्थायी मान्यता प्राप्त गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिमको अवधिभित्र स्थायी मान्यता प्राप्त नगर्ने शिक्षण संस्थाको अस्थायी मान्यता रद्द गर्न ऐनको दफा २१ख. बमोजिम सिफारिस गर्नु पर्नेछ।"

१४. **मूल नियमावलीमा नियम १६ मा संशोधन** मूल नियमावलीको नियम १६ को सट्टा देहायको नियम १६ राखिएको छः-

"१६. **शिक्षण संस्थाको अनुगमन र कारबाही** (१) ऐनको दफा २१क. बमोजिम परिषद्बाट मान्यता प्राप्त इन्जिनियरिङ विषय अध्ययन, अध्यापन गराउने शिक्षण संस्थाले परिषद्ले निर्धारण गरेको मापदण्ड तथा शर्तहरु पालना गरे नगरेको सम्बन्धमा परिषद्ले नियमित तथा आकस्मिक रुपमा अनुगमन गर्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्दा त्यस्तो शिक्षण संस्थाले पाठ्यक्रम, विद्यार्थी भर्नाका आधार, भौतिक पूर्वाधार लगायतको परिषदले निर्धारण गरेको शैक्षिक मापदण्ड तथा शर्त पूरा गरेको नदेखिएमा परिषद्ले त्यस्तो शिक्षण संस्थाको मान्यता रद्द गर्न ऐनको दफा २१ख. बमोजिम नेपाल सरकार वा सम्बन्धित प्रदेश सरकारलाई सिफारिस गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम परिषदले शिक्षण संस्थाको मान्यता रद्द गर्न सिफारिस गर्नु अघि त्यस्तो शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीको पढाईमा बाधा नपर्ने व्यवस्थाका लागि नयाँ विद्यार्थी भर्नामा रोक लगाउने, स्वीकृति निलम्बन गर्ने वा अन्य कुनै उपयुक्त उपाय अपनाउनु पर्नेछ।

(४) परिषद्बाट मान्यता प्राप्त नगरी सञ्चालित शिक्षण संस्थालाई ऐनको दफा ३० को उपदफा (२क) बमोजिम परिषद्ले देहाय बमोजिमको कारबाही गर्न सक्नेछः-

(क) पाँच वर्षसम्म ऐनको दफा २१क. बमोजिमको कुनै मान्यता प्रदान नगर्ने,

(ख) स्वीकृति रद्द गर्नको लागि सम्बन्धित विश्वविद्यालयलाई सिफारिस गर्ने।

(५) उपनियम (४) विपरीत सञ्चालित शिक्षण संस्थाबाट उत्तीर्ण हुने विद्यार्थीलाई नियम ३क. बमोजिमको इन्जिनियरिङ व्यवसायी दर्ता परीक्षामा सहभागी गराइने छैन।

(६) उपनियम (५) विपरीत सञ्चालित शिक्षण संस्थाका सञ्चालक तथा सम्बद्ध पदाधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही गर्नको लागि परिषद्ले सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(७) उपनियम (२) बमोजिमको सिफारिस बमोजिम मान्यता रद्द गरिएका वा उपनियम (४) बमोजिम कारबाही गरिएका शिक्षण संस्थाको विवरण तत्काल परिषद्को वेवसाईटमा राख्नु पर्नेछ।"

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

१५. <u>मूल नियमावलीको नियम १७ मा संशोधन:-</u> मूल नियमावलीको नियम १७ को ठाउँ ठाउँमा रहेका "कुनै शिक्षण संस्था" भन्ने शब्दहरुको सट्टा "कुनै विदेशी शिक्षण संस्था" भन्ने शब्दहरु राखिएका छन्।

१६. <u>मूल नियमावलीको नियम १८ मा संशोधन:</u> मूल नियमावलीको नियम १८ को उपनियम (१) को खण्ड (ज) पछि देहायका खण्ड (झ), (ञ) र (ट) थपिएका छन्:-

"(झ) बदनियत चिताई कुनै पनि काम गर्न, गराउन हुँदैन,

(ञ) कुनै काम गर्दा लापरबाही वा हेलचेक्र्याइँ गर्न, गराउन हुँदैन,

(ट) कुनै परीक्षण गर्दा झुट्टा वा गलत प्रतिवेदन वा तथ्यभन्दा फरक पर्ने गरी प्रतिवेदन तयार गर्ने वा सिफारिस गर्न, गराउन हुँदैन।"

१७. <u>मूल नियमावलीको नियम २१ संशोधन:</u> मूल नियमावलीको नियम २१ मा रहेका "ऐनको दफा १८ को उपदफा (१) को खण्ड (ङ)" भन्ने शब्दहरुको सट्टा "ऐनको दफा १८ को उपदफा (१) को खण्ड (ग)" भन्ने शब्दहरु राखिएका छन्।

१८. <u>मूल नियमावलीको नियम २२ मा संशोधन:</u> मूल नियमावलीको नियम २२ को उपनियम (१) मा रहेका "ऐनको दफा १८ को उपदफा (१) को खण्ड (ङ)" भन्ने शब्दहरुको सट्टा "ऐनको दफा १८ को उपदफा (१) को खण्ड (ग)" भन्ने शब्दहरु राखिएका छन्।

१९. <u>मूल नियमावलीको नियम २३ मा संशोधन:</u> मूल नियमावलीको नियम २३ को उपनियम (१) मा रहेका "ऐनको दफा १८ को उपदफा (१) को खण्ड (ङ)" भन्ने शब्दहरुको सट्टा "ऐनको दफा १८ को उपदफा (१) को खण्ड (ग)" भन्ने शब्दहरु राखिएका छन्।

२०. <u>मूल नियमावलीको नियम २५ मा संशोधन:</u> मूल नियमावलीको नियम २५ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ:-

"(२) उपनियम (१) बमोजिम पेश गरिने प्रतिवेदनमा प्रस्तावित सजाय गर्न पर्ने वा नपर्ने कारण सहितको आफ्नो राय तथा प्राप्त सबुत प्रमाण समेत संलग्न गर्नु पर्नेछ।"

२१. <u>मूल नियमावलीको अनुसूचीमा संशोधन:</u> मूल नियमावलीको,

(१) अनुसूची-१ झिकिएको छ।

(२) अनुसूची-२ को सट्टा संलग्न अनुसूची-२ राखिएको छ।

(३) अनुसूची-२ पछि संलग्न अनुसूची-२क. थपिएको छ।

(४) अनुसूची-५ पछि संलग्न अनुसूची-५क. थपिएको छ।

(५) अनुसूची-७ को सट्टा संलग्न अनुसूची-७ राखिएको छ।

(६) अनुसूची-८ मा रहेका "र नियम १४" भन्ने शब्दहरु झिकिएका छन्।

(७) अनुसूची-९ मा रहेका "र नियम १४" भन्ने शब्दहरु झिकिएका छन्।

(८) अनुसूची-९ पछि संलग्न अनुसूची-१०, ११, १२ र १३ थपिएका छन्।

२२. <u>रुपान्तर:</u> मूल नियमावलीको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छ:-

(१) "अञ्चल" भन्ने शब्दको सट्टा "प्रदेश",

(२) "गा.वि.स." र "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका"

(३) "गौंह" भन्ने शब्दको सट्टा "नौर"।

२३. <u>खारेजी:</u> मूल नियमावलीको नियम ६ र १३ खारेज गरिएका छन्।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२
(नियम ३क. को उपनियम (५) सँग सम्बन्धित)
**साधारण दर्तावाला इन्जिनियरको दर्ता परीक्षाको लागि दरखास्तको ढाँचा**

# नेपाल इन्जिनियरिङ परिषद्

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यालय प्रयोजनको लागि | | | | | |
| दर्ता नं | | वर्ष | महिना | गते | |
| वर्गः | | मिति | | | |

हालसालै खिचिएको दुबै कान देखिने पासपोर्ट साइजको फोटो तथा फोटो र फर्ममा पर्ने गरी दस्तखत

श्री नेपाल इन्जिनियरिङ परिषद्
काठमाण्डौ ।

नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा १२ र नेपाल इन्जिनियरिङ परिषद् नियमावली, २०५७ को नियम ३क. बमोजिम नेपाल इन्जिनियरिङ परिषद्ले सञ्चालन गर्ने साधारण दर्तावाला इन्जिनियरको दर्ता परीक्षामा सामेल हुन देहाय बमोजिमको विवरण सहित दरखास्त पेश गरेको छु ।

१. पूरा नाम र थरः-..........................................................................

Name (In Block Letters) :-..........................................................................

२. जन्म मितिः- (वि.सं.)................................ (ई.सं.)................................

Date of Birth:-(B.S.) ................................(A.D.)................................

३. आमाको नामः-.............................. Mother's Name:-..............................

४. बाबुको नामः-.............................. Father's Name:..............................

५. बाजेको नामः-.............................. Grandfather's Name:-..............................

६. विवाहित भए पति/पत्निको नामः-.................. Husband/Wife's Name(If married):-..................

७. नागरिकता नं.-.............................. Citizenship No.:-..............................

८. राष्ट्रिय परिचय पत्र नं.-.............................. National ID No.:-..............................

९. स्थायी ठेगानाः -

.................... प्रदेश, ....................जिल्ला, ....................गाउँपालिका/नगरपालिका,

वडा नं.-............, .................. स्थान (टोल), ....................सडक, फोन नं..............

मोबाइल नं.-.............................. इमेलः-..............................

**Permanent Address:-**

....................Province ,.................... District, ....................Rural Municipality/Municipality,

Ward No.:-............., .................... Area, .................... Street, Phone No ....................

Mobile No.:-.............................. Email:-..............................

१०. अस्थायी ठेगानाः-

.................... प्रदेश, ....................जिल्ला, ....................गाउँपालिका/नगरपालिका,

वडा नं.-..............., ............... स्थान (टोल), ..................सडक, फोन नं..................

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

मोबाइल नं.-.................................. इमेल:-..................................................

Temporary Address:-

......................Province ,...................... District, ......................Rural Municipality/Municipality,

Ward No.:-..............., ......................... Area, ......................Street, Phone No ........................

Mobile No.:-............................................ Email:-..................................

११. पत्राचार गर्ने ठेगाना:-..................................................................................

Mailing Address:-.........................................................................................

१२. दर्ता हुन चाहेको विषय..............................................................................

Subject of Registration:-.................................................................................

शैक्षिक योग्यता वा उपाधिको विवरण:

| क.सं. | प्राप्त गरेको शैक्षिक योग्यता | बोर्ड/विश्वविधालय | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

उपरोक्त बमोजिम लेखिएको विवरण ठीक साँचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको

हस्ताक्षर:...............................................-

नाम:...............................................-

मिति:...............................................-

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

द्रष्टव्य:-

निवेदनसाथ नियम ३क. को उपनियम (१) बमोजिमको कागजात तथा दरखास्तवालाको पासपोर्ट साइजको दुई प्रति फोटो संलग्न गर्नु पर्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची-२क

(नियम ३क. को उपनियम (५) सँग सम्बन्धित)

**व्यावसायिक इन्जिनियरको दर्ता परीक्षाको लागि दरखास्तको ढाँचा**

# नेपाल इन्जिनियरिङ परिषद्

कार्यालय प्रयोजनको लागि

दर्ता नं. ........ वर्ष ..... महिना ..... गते

वर्गः ........ मितिः ........

हालसालै खिचिएको दुबै कान देखिने पासपोर्ट साइजको फोटो तथा फोटो र फर्ममा पर्ने गरी दस्तखत

श्री नेपाल इन्जिनियरिङ परिषद्

काठमाण्डौं ।

नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा १२ र नेपाल इन्जिनियरिङ परिषद् नियमावली, २०५७ को नियम ३क. बमोजिम नेपाल इन्जिनियरिङ परिषद्ले सञ्चालन गर्ने व्यावसायिक इन्जिनियरको दर्ता परीक्षामा सामेल हुन देहाय बमोजिमको विवरण सहित दरखास्त पेश गरेको छु ।

१ पूरा नाम र थरः-........................................

Name (In Block Letters) :........................................

२. जन्म मितिः- (वि.सं.)............................ (ई.सं.) ............................

Date of Birth:-(B.S.)............................ (A.D.) ............................

३. आमाको नामः-............................ Mother's Name:-............................

४. बाबुको नामः............................ Father's Name:............................

५. बाजेको नामः-............................ Grandfather's Name:-............................

६. विवाहित भए पति/पत्निको नामः-............... Husband/Wife's Name(If married):-...............

७. नागरिकता नं.-............................ Citizenship No.:-............................

८. राष्ट्रिय परिचय पत्र नं.-............................ National ID No.:-............................

९. स्थायी ठेगानाः -

...................... प्रदेश, ......................जिल्ला, ......................गाउँपालिका/नगरपालिका,

वडा नं.-..........., ...................... स्थान (टोल), ......................सडक, फोन नं.............

मोबाइल नं.-............................ इमेलः-............................

**Permanent Address:-**

......................Province ,...................... District, ......................Rural Municipality/Municipality,

Ward No.:-..............., ...................... Area, ...................... Street, Phone No ......................

Mobile No.:-............................ Email:-............................ ......................१०.

अस्थायी ठेगानाः-

...................... प्रदेश, ......................जिल्ला, ......................गाउँपालिका/नगरपालिका,

वडा नं.-..........., ...................... स्थान (टोल), ......................सडक, फोन नं.............

मोबाइल नं.-............................ इमेलः-............................

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

Temporary Address:-

......................Province ,..................... District, ..........................Rural Municipality/Municipality,

Ward No.:-..............., ........................ Area, ..................................Street, Phone No ..................

Mobile No.:-........................................... Email:-..................................................................

११. पत्राचार गर्ने ठेगाना:-..........................................................................................

Mailing Address:-...........................................................................................................

१२. दर्ता हुन चाहेको विषय...................................................................................................

Subject of Registration:-................................................................................

शैक्षिक योग्यता वा उपाधिको विवरण:

| क.सं. | प्राप्त गरेको शैक्षिक योग्यता | बोर्ड/विश्वविद्यालय | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१३. साधारण दर्तावाला इन्जिनियरको दर्ता नम्बर:-

सिफारिस गर्नेको,-

१. नाम:– ........................................ परिषद् दर्ता नं.-.............................. हस्तक्षर:-..........

२. नाम:-........................................ परिषद् दर्ता नं.-.............................. हस्तक्षर:-..........

उपरोक्त बमोजिम लेखिएको विवरण ठीक साँचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको

हस्ताक्षर:..................................................-

नाम:..................................................-

मिति:..................................................-

..................................................-

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

<u>द्रष्टव्य:-</u>

निवेदनसाथ नियम ३क. को उपनियम (१) बमोजिमको कागजात तथा दरखास्तवालाको पासपोर्ट साइजको दुई प्रति फोटो संलग्न गर्नु पर्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची-५क
(नियम १० को उपनियम (२) सँग सम्बन्धित)
**गैर नेपाली दर्तावाला इन्जिनियरको नाम दर्ता गर्ने दिने दरखास्तको ढाँचा**

# Nepal Engineering Council

PHOTO
PP SIZE

Signature

FOR OFFICE USE ONLY
REGISTRATION NO. ............
CATEGORY: ............ DATE : YY ...... MM ...... DD ......

## APPLICATION FOR REGISTRATION OF FOREIGN ENGINEER

The ..............................................
**Nepal Engineering Council**
**Kathmandu, Nepal**

In accordance with Sub-section (2) of Section 11 of the Nepal Engineering Council Act, 2055 (1999) and Rule 10 of the Nepal Engineering Council Rules, 2057 (2000), I hereby apply to register my name in Council as Foreign Engineer. Relevant particulars are given below:

1. Name (IN BLOCK LETTERS) : ..............................................
   Sur name Middle name First name
2. Date of Birth : ..............................................
3. Mother's Name : ..............................................
4. Father's Name : ..............................................
5. Grand Father's Name : ..............................................
6. Husband's or Wife's name (if married) : ..............................................
7. Nationality : ..............................................
8. Permanent Address :
   ..............................................
9. Temporary Address :
   ................ Province, ................ District, ................ Rural Municipality / Municipality, Ward No: ........., ................ Area, ................ Street,
   Mailing Address : ..............................................
10. Email : ..............................................
11. Phone No. ................ Mobile No. ................
12. Employer's Name: ..............................................

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

Address: ................. Province, ................................. District, ..................... Rural Municipality / Municipality, Ward No: ..........., ................. Area, ......................... Street, Phone No...................................

Mailing Address : ..................................................................................

13. Subject of Registration : ..................................................................................

14. Details of Academic Qualifications:

| S N | Academic Qualification obtained | Board/University | Institute | Year | Division | Remarks |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

I hereby certify that the information given above is true and correct.

Signature:.......................................

Full Name:.......................................

Date:...............................................

**Note :** The document as per Rule 10 and two copies of passport size photos are enclosed.

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची -७

(नियम ११ को उपनियम (१) संग सम्बन्धित)

# नेपाल इन्जिनियरिङ परिषद्

Nepal Engineering Council

PHOTO

## साधारण दर्तावाला इन्जिनियरको नाम दर्ताको प्रमाण -पत्र

..................प्रदेश, ..................जिल्ला, ..................नगरपालिका/गाउँपालिका, वडा नं. .................. बस्ने जन्म मिति..................भएको श्री ..................लाई परिषद्को मिति.................. को निर्णय अनुसार साधारण दर्तावाला इन्जिनियरको .................. दर्ता किताबमा नाम दर्ता गरी नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा १६ तथा नेपाल इन्जिनियरिङ परिषद् नियमावली, २०५७ को नियम ११ को उपनियम (१) बमोजिम यो नाम दर्ताको प्रमाणपत्र दिईएको छ।

दर्ता नम्बरः- ..................

विषयः-..................

जारी भएको मितिः-..................

परिषद्को छाप

हस्ताक्षरः-..................

नामः-..................

रजिष्ट्रार

## Certificate of Registration of Name of General Registered Engineer

According to the decision of the Council dated.................. Mr./Ms.................., Date of birth.................., resident of ..................Province, ..................District, ..................Municipality/Rural Municipality, ward no. .................. has been admitted as Registered Engineer and is issued this Certificate in accordance with Section 16 of Nepal Engineering Council Act, 2055 (1999) and Sub-rule (1) of Rule 11 of Nepal Engineering Council Regulation, 2057 (2000).

Regd no:-..................

Subject:-..................

Date of Issuance: -..................

Seal of Council

Signature:- ..................

Name:- ..................

Registrar

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची -१०

(नियम १४ को खण्ड (क) सँग सम्बन्धित)

# नेपाल इन्जिनियरिङ परिषद्

Nepal Engineering Council

PHOTO

## साधारण दर्तावाला इन्जिनियरको पुनः नाम दर्ताको प्रमाण -पत्र

..................प्रदेश ....................जिल्ला ....................................नगरपालिका/गाउँपालिका, वडा नं. .................. बस्ने जन्म मिति................................ को श्री .................... लाई परिषद्को मिति........................ को निर्णय अनुसार साधारण दर्तावाला इन्जिनियरको .................. दर्ता किताबमा नाम पुनः दर्ता गरी नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा २० तथा नेपाल इन्जिनियरिङ परिषद् नियमावली, २०५७ को नियम १४ बमोजिम यो नाम दर्ताको प्रमाणपत्र दिईएको छ।

दर्ता नम्बरः- ..................................

विषयः-..................................

जारी भएको मितिः-..............................

परिषद्को छाप

हस्ताक्षरः-..................................

नामः-..................................

रजिष्ट्रार

## Certificate of Re-Registration of Name of General Registered Engineer

According to the decision of the Council dated.............. Mr./Ms............................ Date of birth.............................. of .............................Province ....................District ........................Municipality/Rural Municipality, ward no. ............ Has been admitted as Registered Engineer and is issued this Certificate in accordance with Section 20 of Nepal Engineering Council Act, 2055 (1999) and Rule 14 of Nepal Engineering Council Regulation, 2057 (2000).

Regd no:-..................................

Subject:-..................................

Date of Issuance: -..................................

Seal of Council

Signature:- ..................................

Name:- ..................................

Registrar

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची-११
(नियम १४ को खण्ड (ख) सँग सम्बन्धित)

**नेपाल इन्जिनियरिङ परिषद्**

**व्यावसायिक इन्जिनियरको पुनः नाम दर्ताको प्रमाणपत्र**

..................प्रदेश ............... जिल्ला .................... गाउँपालिका/नगरपलिका, वडा नं. ....... बस्ने वर्ष ....... को श्री ............................. लाई परिषद्को मिति ...................... को निर्णय अनुसार व्यावसायिक इन्जिनियरको दर्ता किताबमा पुनः नाम दर्ता गरी नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा २० तथा नेपाल इन्जिनियरिङ परिषद् नियमावली, २०५७ को नियम १४ बमोजिम यो पुनः नाम दर्ताको प्रमाणपत्र दिईएको छ।

दर्ता नम्बरः-
नाम दर्ताको प्रमाणपत्र जारी भएको मितिः-
परिषद्को छापः-

हस्ताक्षरः-
नामः-
रजिष्ट्रारः-

नवीकरण

| नवीकरण गरेको मिति | म्याद पुग्ने मिति | नवीकरण गर्नेको सही | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची-१२
(नियम १४ को खण्ड (ग) सँग सम्बन्धित)

## नेपाल इन्जिनियरिङ परिषद्
## गैर नेपाली दर्तावाल इन्जिनियरको पुनः नाम दर्ताको प्रमाण-पत्र

.................................... स्थायी ठेगाना भई हाल ................... प्रदेश ............... जिल्ला .................... गाउँपालिका/नगरपालिका, वडा नं. ...... बस्ने वर्ष ....... को श्री ............................ लाई परिषद्को मिति ........................ को निर्णय अनुसार गैर नेपाली दर्तावाल इन्जिनियरको दर्ता किताबमा पुनः नाम दर्ता गरी नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा २० तथा नेपाल इन्जिनियरिङ परिषद् नियमावली, २०५७ को नियम १४ बमोजिम यो नाम दर्ताको प्रमाणपत्र दिईएको छ।

दर्ता नम्बरः-
नाम दर्ताको प्रमाणपत्र जारी भएको मितिः-
परिषद्को छापः-

हस्ताक्षरः-
नामः-
रजिष्ट्रारः-

नवीकरण

| नवीकरण गरेको मिति | म्याद पुग्ने मिति | नवीकरण गर्नेको सही | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१३
(नियम १५ को उपनियम (१) सँग सम्बन्धित)

**परिषद्बाट मान्यता प्राप्त गर्नको लागि शिक्षण संस्थाले दिने निवेदनको ढाँचा**

मितिः- ......................

श्री नेपाल इन्जिनियरिङ परिषद्
काठमाण्डौं ।

विषयः- शिक्षण संस्थाको मान्यता प्राप्त गर्ने सम्बन्धमा ।

नेपाल इन्जिनियरिङ परिषद् ऐन,२०५५ र नेपाल इन्जिनियरिङ परिषद् नियमावली,२०५७ को अधीनमा रही इन्जिनियरिङ शिक्षा अध्ययन अध्यापन गराउने भएकोले देहायको विवरण सहित शिक्षण संस्थाको मान्यता पाउनको लागि परिषद्ले निर्धारण गरेको दस्तुर संलग्न गरी यो निवेदन पेश गरेको छु।

विवरण

१.संस्थाको नामः-..........................................................................................................

२. संस्थाको ठेगानाः

क)-कार्यालयको ठेगानाः

.................... प्रदेश,.................जिल्ला, ..............................गाउँपालिका/नगरपालिका, वडा नं. ..........
फोन नं. ............. मोबाइल नं. ...................................... इमेलः..............................

ख) सम्पर्क कार्यालय ठेगानाः

.................... प्रदेश,.................. जिल्ला, ..........................गाउँपालिका/नगरपालिका, वडा नं.......
फोन नं. .................. मोबाइल नं. .................. इमेलः..........................

३. संस्थाको सञ्चालक समितिका पदाधिकारी र सदस्यहरुको विवरणः

| क.सं. | नाम | ठेगाना | पद | नागरिकता नं. र जिल्ला |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

४. संस्थाको प्राचार्य तथा विभागीय प्रमुखहरुको विवरणः

| क.सं. | नाम | शैक्षिक योग्यता | अनुभव | नागरिकता नं. र जिल्ला |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

५. संस्थाको सांगठनिक संरचनाः

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

६. संस्था दर्ता भएको सम्बन्धित निकायको विवरण (प्रमाणपत्र संलग्न छ)

| क.सं. | निकाय | दर्ता नं. | दर्ता मिति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

७. इन्जिनियरिङ विषयको विधाः

तहः

विद्यार्थी सङ्ख्याको विवरणः

८. शैक्षिक सत्र प्रारम्भ हुने मितिः

संस्थाको छापः

निवेदकको

हस्ताक्षरः-.............................................

नामः- .............................................

पदः-.............................................

ठेगानाः-.............................................

फोन नं.-.............................................

इमेलः-.............................................

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं